Joint Secretary Question 2076

# लोक सेवा आयोग

नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी,

सहसचिव वा सो सरह (अप्राविधिक) पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा

२०७६।५।२

समय :- ३ घण्टा पूर्णाङ्क :- १००

पत्र :- प्रथम

बिषय :-शासकीय प्रवन्ध र विकास ।

**(Governance and Development)**

*तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।*

१. नेपाल एक भूपरिवेष्टित (Land Locked) तथा अल्पविकसित राष्ट्र (Least Developed Country) हो । भूपरिवेष्टिता, आन्तरिक द्वन्द्व तथा कमजोर भूधरातलीय अवस्थितिका कारण लामो समयदेखि नेपाल अल्पविकसित राष्ट्रको रूपमा रहेको छ । हाल देखापरेका राजनैतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा सुधारका कारण नेपालको मानव विकास सूचकाङ्क (Human Development Index) मा सकारात्मक असर परेको छ । संयुक्त राष्ट्र संघको मापदण्ड अनुसार गरीवी (Poverty), मानव श्रोत (Human Resources) तथा आर्थिक अवस्था (Economic Condition) का सूचकहरू (Indicators) प्रतिकूल रहेकोले नेपाल अल्पविकसित राष्ट्रको श्रेणीमा परेको हो । प्रतिव्यक्ति आय १०२५ अमेरिकी डलरभन्दा कम, कमजोर मानव सम्पत्ति सूचकांक (Weak Human Asset Index) तथा कमजोर एवं जोखिमपूर्ण आर्थिक अवस्थामा रहेका राष्ट्रहरूलाई अल्पविकसित राष्ट्रहरूको समूहमा राखिन्छ ।

विश्वमा अफ्रिकी महादेशका ३३ वटा, एशिया महादेशका ९ वटा, ओसेनिया (Oceania) क्षेत्रका ४ वटा र अमेरिकी राष्ट्रहरूमध्ये एउटा गरी जम्मा ४७ राष्ट्रहरू अल्पविकसित राष्ट्रहरूको समूहमा पर्दछन् । राष्ट्रिय योजना आयोगले यस सम्बन्धमा अध्ययन गरी वि.सं. २०७९ सम्ममा विकासोन्मुख राष्ट्रमा स्तरवृद्धि गर्ने लक्ष्य लिएको छ । निर्धारित मापदण्डमा प्रतिव्यक्ति आय वार्षिक १२३० अमेरिकी डलर (सन् २०१५ को अनुमानमा वार्षिक १२४२ अमेरिकी डलर) भएका मुलुकहरू अल्पविकसित राष्ट्रहरूको समूहबाट बाहिरिन सक्ने बताइए अनुसार प्रतिव्यक्ति आय सोभन्दा कम रहेको कारण यस श्रेणीमा नेपाल पर्न सक्ने देखिदैन । तर मानवीय सम्पत्ति सुचकाङ्क (Human Assets Index) मा (जसमा माध्यमिक विद्यालय भर्ना अनुपात (Secondary School Enrollment Ratio) पौष्टिकता (Nourishment), ५ बर्षमुनिको बच्चाहरूको मृत्युदर (Child Mortality Rate) तथा साक्षरता दर (Literacy Rate) आदि पर्दछन्) ६६ वा सोभन्दा बढी अंक ल्याएमा graduation का लागि योग्य हुने भनिएकोमा सन् २०१५ मा ६८.७ अंक ल्याईसकेको बताइएको छ ।

यसैगरी सोही बर्ष संयुक्त राष्ट्र संघको विकास सम्बन्धी समिति (UN Committee for Development) को बैठकमा नेपालले आर्थिक जोखिम सूचकाङ्क (Economic Vulnerability Index) को लागि तोकिएको Threshold ३२ वा सो भन्दा कमको मापदण्ड भन्दा ५.२ अंक कम अर्थात २६.८ अंक प्राप्त गरेको जनाइएको छ । यसरी उक्त बैठकमा नेपालले graduation का लागि प्रतिव्यक्ति बार्षिक आय बाहेक अन्य दुईवटा मापदण्ड पूरा गरेकोले अर्को बैठकमा नेपालको प्रस्तावलाई बिचार गर्न सकिने निर्णय भएको थियो । नेपालले इच्छा गरेमा उक्त प्रस्ताव संयुक्त राष्ट्र संघको आर्थिक तथा समाजिक समिति (Economic and Social Council) मा प्रस्तुत गर्न सकिने र सन् २०२१ सम्म अल्पविकसित राष्ट्रको समूहबाट बाहिर निस्कन सक्ने स्पष्ट देखिएको छ । तर यसरी अल्पविकसित राष्ट्रहरूको समूहबाट बाहिरिदा वैदेशिक सहयोग क्रमशः घट्दै जाने, Duty free, Quota free बजारमा प्रवेश पाउन कठिन भै अन्तर्राष्ट्रिय व्यापारमा घाटा व्यहोर्नुपर्ने र माथि पूरा गरिएको भनिने मापदण्ड पनि गुणात्मक भन्दा संख्यात्मक मात्र भएकोले हतार नगर्न विज्ञहरूको सुझाव छ । अर्कोतर्फ विकासोन्मुख राष्ट्रको श्रेणीमा

पुग्दा मुलुकको साख अभिवृद्धि भै अन्तर्राष्ट्रिय क्षेत्रमा सौदाबाजी (Bargaining) गर्न सक्ने हैसियत बढ्न जाने पनि देखिन्छ । तथापि नेपाल यो समूहबाट बाहिरिएर विकासोन्मुख राष्ट्रहरूको श्रेणीमा स्तरवृद्धि (Graduation) गर्ने सोचमा रहेतापनि हाल यो प्रस्ताव स्थगनमा राखिएको छ ।

यस परिदृश्यमा तपाईलाई यसबारे यथार्थपरक ठोस योजना तयार गर्न जिम्मेवारी दिइएमा नेपाल अल्पविकसित राष्ट्रहरूको समूहमा रहिरहँदाको फाइदा, बेफाइदा र विकासोन्मुख राष्ट्रको श्रेणीमा स्तरवृद्धि (Graduation) हुँदा प्राप्त हुने अवसर र सामना गर्नुपर्ने चुनौतीको लेखाजोखा गरी कुन कुन क्षेत्रमा के करता पहलकदमी गरेमा आगामी दिनमा नेपाललाई विकासोन्मुख राष्ट्रको पंक्तिमा उभ्याउन सकिन्छ ? राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थितिको मूल्याङ्कन गर्दै विश्लेषणात्मक एवं तर्कयुक्त सुझावहरू प्रस्तुत गर्नुहोस् । २५

२. सार्वजनिक प्रशासनलाई नवीन व्यवस्थापकीय स्वरूप र कार्यप्रणाली सहितको संरचनामा रूपान्तरण गर्ने आवश्यकताको महसुस गरिएको कारण सन् १९८० र १९९० को दशकमा खासगरी विकासोन्मुख मुलुकको सार्वजनिक क्षेत्रको व्यवस्थापनमा रूपान्तरणमूलक परिवर्तन (Transformative Change) का लागि मार्ग प्रशस्त हुन पुगेको देखिन्छ । पुरातन सार्वजनिक प्रशासनले आफ्नो सैद्धान्तिक तथा व्यवहारिक दुवै दृष्टिले विश्वसनीयता गुमाउँदै गएको अवस्थामा सुशासन हासिल गर्न नवीन सार्वजनिक व्यवस्थापनलाई अंगीकार गर्नुको विकल्प थिएन । जड प्रकृतिको आत्मकेन्द्रित तथा श्रृंखलामा आधारित कर्मचारीतन्त्रीय सार्वजनिक प्रशासनको स्थानमा व्यावसायिक गुण भएको तथा उद्यमशील क्षमता भएको सार्वजनिक व्यवस्थापनको स्थापना गर्ने कार्य प्रारम्भ गरियो । त्यसैगरी सक्षम, नागरिकप्रति उत्तरदायी र सहभागितामा आधारित शासन पद्धतिलाई सुहाउँदो सार्वजनिक क्षेत्र व्यवस्थापनको अपरिहार्यता झन झन गहन हुँदै गएको छ । यसबाट नागरिकको सहभागिता, कानूनी राज्यको पालना, पारदर्शिता र जवाफदेहिता, नागरिकमा पुऱ्याइने सेवाको प्रभावकारिता, समतामूलक न्याय, शासकीय सुधारका लागि रणनीतिक सोच हासिल गर्न सघाउ पुग्ने देखिन्छ । नेपालको नयाँ संवैधानिक व्यवस्थाले संघीय शासन प्रणाली अवलम्बन गरी सुशासन, नागरिक अधिकार, सामाजिक तथा आर्थिक रूपान्तरण, सामाजिक न्याय र समावेशीता जस्ता पक्षलाई आत्मसात गरी शासकीय प्रणालीलाई नवीन दिशा प्रदान गर्न खोजेको छ ।
यस क्रममा स्थानीय तहलाई नागरिक सेवाका लागि सक्षम र जवाफदेही तुल्याउन शासन संचालनको अधिकारका रूपमा नेपालको संविधानले नेपाली जनतामा निहित सार्वभौमसत्ता र राजकीयसत्ता संघ, प्रदेश र स्थानीय तहले प्रयोग गर्ने कुराको प्रत्याभूति गरेको छ । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका अधिकार संविधानतः निर्देशित भएका छन् । यसका लागि राज्यले स्थानीय तह संचालन सम्बन्धी कानूनी व्यवस्था समेत गरिसकेको छ ।
हालका दिनमा सुशासनको केन्द्रविन्दुका रूपमा रही स्थानीय सरकारका रूपमा दायित्व निर्वाह गर्नु पर्ने स्थानीय तहमा नीतिगत संरचना, विधायिकी संरचना, कर्मचारी व्यवस्थापन सम्बन्धी संरचनाको अस्पष्टताले गर्दा शासकीय संक्रमणको अवस्था विद्यमान भै जनताको अपेक्षा अनुसारको अत्यावश्यक सेवाप्रवाह, पूर्वाधार विकास, नियमन र स्रोत व्यवस्थापनको कार्यमा सक्षमता हासिल गर्न थप सिर्जनशीलता आवश्यक पर्दछ । संक्रमणसंगै चुनौतीहरू पनि थपिएका छन् । सवल र अनुकूल वातावरणको निर्माण, सक्षम कार्यान्वयन व्यवस्था, प्रभावकारी अनुगमन र मूल्याङ्कन, सार्थक सहकार्य र साझेदारी एवं नवप्रवर्तनीयताको खाँचो स्थानीय तहको शासनमा देखिएको छ । साथै स्थानीय तहमा कारोवारी नेतृत्व (Transactional Leadership) को अलावा रूपान्तरणीय नेतृत्व (Transformative Leadership) र सहकार्यात्मक नेतृत्व(Collaborative Leadership) को अपेक्षा प्रवल देखिन्छ ।
प्रस्तुत मामलाको गहनतालाई विचार गर्दा नेपालको वर्तमान स्थानीय तह शासन प्रणालीलाई संस्थागत गरी यसको दिगोपना हासिल गर्न नागरिकप्रति जवाफदेही र सक्षम शासकीय उपक्रमका रूपमा स्थापित गर्न राज्यले योजनावद्ध रूपमा विशेष पहल गर्नुपर्ने अपरिहार्यता रहेको छ । यसै तथ्यलाई ध्यानमा राखी यस



क्रमशः

मामिलामा उल्लिखित समस्या र चुनौतीमा आधारित भै आफ्नो विश्लेषणात्मक, सृजनात्मक र व्यावहारिक प्रस्तुती दिनुहोस्ः २५

क) स्थानीय तहलाई जनताको विश्वसनीय सुशासनको केन्द्रका रूपमा स्थापित गर्न कानूनी, नीतिगत र संरचनागत सुधारका प्राथमिकता के के हुन् ?

ख) उद्यमशीलता र सिर्जनशीलता जस्ता गुणात्मक विशेषता हासिल गरी आर्थिक रूपमा सवल स्थानीय तहको रूपान्तरणका लागि अवलम्वन गर्नुपर्ने उपाय के के हुन सक्छन् ?

ग) स्थानीय तहको सेवाप्रवाहलाई प्रभावकारी बनाउन र नागरिकप्रतिको जवाफदेहिता सुनिश्चित गर्न नवप्रवर्तनीय संस्थागत संरचना निर्माणका लागि के कुरामा ध्यान दिनु आवश्यक छ ?

घ) स्थानीय तहका पदाधिकारीमा सहंकार्यात्मक नेतृत्व विकासका लागि प्राथमिकताका आधारमा के कस्ता विषयमा सामर्थ्य र कौशलको विकास गर्नुपर्ने देखिन्छ ?

३. नेपालको अर्थतन्त्रको संरचना परिवर्तन भैरहेको छ । आर्थिक वर्ष २०७५/७६ मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र तृतीय क्षेत्रको योगदान क्रमशः २७.६ प्रतिशत १४.६ प्रतिशत र ५७.८ प्रतिशत रहेको छ, १० वर्षअघि यो प्रतिशत क्रमशः ३५.९१ प्रतिशत, १४.६१ प्रतिशत र ४९.४८ प्रतिशत रहेको थियों । विकसित अर्थतन्त्रतर्फ हेर्ने हो भने कूल गार्हस्थ्य उत्पादनमा द्वितीयक क्षेत्र अर्थात उत्पादनमूलक उद्योग तथा निर्माण क्षेत्रको योगदान निकै बढी हुने गर्छ । कमजोर उत्पादनमूलक उद्योग क्षेत्रका कारण नेपालमा आयात निकै वढी र निर्यात एकदम नै कम रहेको छ । आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन कार्यक्रममा मात्र सीमित छ । विगत लामो समयदेखि नेपालमा वस्तु तथा सेवाको निर्यात भन्दा आयात उच्च हुँदै गएकोले व्यापार घाटा फराकिलो भएको छ । प्रत्येक आर्थिक वर्षको व्यापार घाटाको अवस्था हेर्ने हो भने अघिल्लो आर्थिक वर्षको कूल व्यापार घाटाको थप एक चौथाई बढी व्यापार घाटा पछिल्लो आर्थिक वर्षमा हुने गरेको तथ्यगत प्रवृत्ति देखिन्छ । आयातमा उच्चवृद्धि भएकोले चालू खाता घाटा र सोधनान्तर घाटामा वृद्धि हुँदै गएको छ । विदेशी विनिमय सञ्चितिमा निरन्तर चाप बढ्दै गएको अवस्था छ । उत्पादनमूलक उद्योग र सेवाक्षेत्रका लागि प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न सकिएको छैन । आन्तरिक वचत पूँजी निर्माण र लागानीको अवस्था पनि सन्तोषजनक रहेको छैन ।

आर्थिक सम्वृद्धिका लागि रोजगारमूलक र उच्च प्रतिफल सहितको औद्योगिक विकास गरी औद्योगिक र व्यवसायिक क्षेत्रको विस्तार गर्न जरूरी छ । राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बृद्धि नभएसम्म उच्च, दिगो र फराकिलो आर्थिक बृद्धि सम्भव छैन । राष्ट्रिय आयको क्षेत्रमा ठूलो योगदान गरिरहेको वैदेशिक रोजगारबाट भएको विप्रेषण आय दिगो होइन र हुन सक्दैन । औद्योगिक आधारशीला फराकिलो नबनाउदासम्म आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन हुनै सक्दैन, व्यापार घाटा घटाउने कुरा असम्भवप्राय हुने मात्र होइन शोधनान्तर अवस्थामा नकरात्मक चाप परिरहन्छ । आयात प्रतिस्थापन गर्न आन्तरिक उपभोगका आवश्यक वस्तु तथा सेवाको उत्पादनमा ध्यान दिनु अपरिहार्य छ । निर्यात प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय, क्षेत्रीय वा उपक्षेत्रीय सञ्जालको सदस्यता र विभिन्न मुलुकसँग खुला व्यापार सम्झौताको त्यतिवेलासम्म कुनै अर्थ रहन्न जुन वेलासम्म मुलुकले निर्यात प्रवर्द्धनका लागि आवश्यक वस्तु तथा सेवाहरूको पहिचान, उत्पादन, विकास र विस्तारका कामहरू अगाडी वढाउँदैन । "उत्पादन नगरे के व्यापार गर्ने ?" यो प्रश्न अति नै महत्वपूर्ण छ ।

यस परिवेशमा अर्थतन्त्रको यो क्षेत्रमा देखिएका समस्याहरूको समालोचनात्मक विश्लेषण गर्नुहोस् । नेपाल सरकारले औद्योगिक उत्पादन बृद्धि, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गरी सुदृढ अर्थतन्त्र निर्माणको क्षेत्रमा हाल गरिरहेको कामहरू र लिइएका अग्रसरतावारे आफ्नो धारणा प्रस्तुत गर्दै भविष्यका लागि यस क्षेत्रको सुदृढीकरणका निम्ति आफ्ना व्यवहारिक र कार्यान्वयनयोग्य सुझावहरू प्रस्तुत गर्नुहोस् । २५

४. दिगो विकासको अवधारणाले प्राकृतिक प्रणाली (Eco-System) को धान्न सक्ने क्षमताको सिद्धान्तलाई अंगिकार गरेको छ । यो अवधारणा अनुसार प्राकृतिक जीवनचक्रलाई यथावत राखेर मात्र श्रोतहरूको उपयोग गर्नु पर्दछ । दिगो विकास जस्तो जटिल विषयलाई वहुआयामिक दृष्टिले हेरिनुपर्दछ भन्ने मान्यता रहीआएको छ । नेपालमा दिगो विकासको लागि राष्ट्रियस्तरमा विभिन्न प्रयासहरू भइरहेका छन् र अन्तर्राष्ट्रिय मञ्चमा पारित भएका प्रस्तावहरूलाई पनि दिगो विकासको एजण्डाको रुपमा स्वीकार गरी तदनुरूप कार्यक्रम तर्जुमा र कार्यान्वयनको काम पनि भईरहेकै हो । दिगो विकासलाई लक्षित गरी विभिन्न ऐन, नियमहरू पनि निर्माण भएका छन् ।

तर पूर्वाधार विकासका कतिपय कार्यक्रमहरूबाट दिगो विकासको अभिन्न अङ्गको रूपमा रहेको वातावरणीय स्थितिमा नकारात्मक प्रभाव परिरहेको देखिन्छ । देशको आर्थिक अवस्था, सामाजिक संरचना तथा भौगोलिक बनावटका साथै जनसंख्या बृद्धिको कारणले प्राकृतिक श्रोतमाथि अधिकतम भर पर्नु पर्ने बाध्यता छ । यसले गर्दा नेपालको दिगो विकासतर्फको यात्रालाई असहज तुल्याइ दिएको छ । वास्तवमा वातावरणीय व्यवस्थापनलाई वहुआयामिक दृष्टिकोणबाट विकास कार्यक्रममा आन्तरिकीकरण गर्न सकिएको छैन । यसले गर्दा ग्रामीणक्षेत्रमा भूक्षय, बाढी, पहिरो, कृषि उत्पादनमा ह्रास तथा वन फँडानीको समस्या देखिएको छ भने शहरीक्षेत्रमा सवारीको चाप, धुँवा, धुलो, फोहरमैलाजस्ता प्रदूषण बढ्दै जानाले विकास र वातावरण बीच तादात्म्यता बस्न सकेको छैन ।

दिगो विकासको अवधारणालाई कार्यरूप दिन यसका आर्थिक, सामाजिक, वातावरणीय तथा शासकीय पक्षहरुलाई एकीकृत गरी सन्तुलित रूपमा अगाडि बढाउने प्रयास सार्थक हुन सकेको छैन । नीतिगत तथा कार्यक्रमगत तालमेल नहुनु, क्षेत्रगत कार्यक्रमको बीचमा समन्वय हुन नसक्नु, श्रोत संरक्षणप्रति जनचासो र सहभागिताको कमीका साथै लक्षित समुदायसँग पुग्न नसकेको अवस्था विद्यमान छ । सहश्राब्दि विकास लक्ष्यबाट (Millennium Development Goals) हामी दिगो विकास लक्ष्य (Sustainable Development Goals) मा फड्को मारिसकेका छौं । २५

प्रस्तुत सन्दर्भमा :

क) दिगो विकास २०३० का लक्ष्यलाई केन्द्रविन्दुमा राखी विद्यमान नीतिहरूमा वहुआयामिक र दीर्घकालीन दृष्टिकोणबाट पुनरावलोकन हुनुपर्ने क्षेत्रहरू पहिचान गर्नुहोस् ।

ख) यस दिशामा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गर्नुपर्ने एकीकृत तथा सन्तुलित विधिका उपायहरू सुझाउनुहोस् ।

ग) प्रभावकारी कार्यान्वयन र त्यसको नियमित पृष्ठपोषणको सन्दर्भमा आवश्यक सक्षम र सवल संयन्त्रको खाका समेत प्रस्तुत गर्नुहोस् ।

☺☺समाप्त☺☺